स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत कात्तिक १५ गतेबाट प्रदर्शनमा आएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'को नाममा कीर्तिमानको चाङ नै लागेको छ । फिल्मले बनाएको सबैभन्दा ठूलो कीर्तिमानी घरेलु बक्स अफिसमा गरेको ऐतिहासिक कमाइ हो । यसले करिब ५० करोड कमाइसकेको छ । यसबीच, 'सारङ्गी'ले अर्को महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । त्यो हो, हालसम्मकै धेरै हलमा प्रदर्शनको ५१ दिन पूरा गर्नु । नेपाली फिल्मको हकमा दुर्लभ बनेको ५१ दिने यात्रा 'सारङ्गी'ले पूरा गरेको हो, त्यो पनि तीन दर्जन बढी हलमा ।

**आजको विचार...**



शीतल गिरी

बाल...

(दुई पेजमा)

फिल्म 'झिल्को'को प्रदर्शन मिति परिवर्तन भएको छ । पुष ५ गतेलाई प्रदर्शन मिति तोकिएकोमा अब आगामी बैशाख १९ गतेबाट फिल्म प्रदर्शन हुने बिहीबार पोस्टर सार्वजनिक गर्दै जानकारी गराइयो । केही प्रतिशत छायांकन बाँकी रहेकाले पूर्वघोषित मितिमा फिल्म रिलिज गर्न नसकिएको निर्देशक यादवकुमार भट्टराईले बताए । नयाँ प्रदर्शन मिति घोषणा गर्दै सार्वजनिक गरिएको दुईवटा पोस्टरले पात्रहरुको मनोविज्ञान बोल्छ । एउटा पोस्टरमा अभिनेत्री वर्षा सिवाकोटी काखमा बच्चा च्यापेर भावुक देखिएकी छन् । यसले फिल्ममा उनी आमाको भूमिकामा रहेको बुझाउँछ ।



❒ वर्ष ३० ❒ अंक १४८ ❒ २०८१ पौष ६ गते शनिबार 21 December 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### 'देशद्रोह' गरेको आरोपमा १६ वर्षको जेल सजाय

रासस/एएफपी

**मस्को,** पौष ५/रूसले पूर्वी युक्रेनको लुगान्स्क क्षेत्रका एक बासिन्दालाई 'देशद्रोह' को अभियोगमा १६ वर्षको जेल सजाय सुनाएको मस्कोको संघीय सुरक्षा सेवा (एफएसबी) ले जनाएको छ । मस्कोले युक्रेनका लागि जासुसी गरेको आरोप लगाउने व्यक्तिहरूलाई नियमित रूपमा भारी सजाय सुनाउँछ र रूस र कब्जा गरिएका क्षेत्रहरूमा युक्रेनीलाई लगातार कैँद पनि गर्दै आएको छ । नाम नखुलाइएका ती व्यक्तिलाई रूसको दक्षिणी शहर रोस्तोभ-अन-डोनको एक सैनिक अदालतले सजाय सुनाएको हो । अभियोजकहरूले उनले रूसी सशस्त्र बलबारे किएभको सुरक्षा सेवालाई जानकारी दिएको बताए । रूसी समाचार निकायहरूले उनलाई उद्धृत गर्दै भनेका छन्, 'ती व्यक्ति राज्यविरूद्धको राजद्रोह गरेको अभियोगमा दोषी ठहरिएका छन्, उनी आतङ्कवादी गतिविधिका साथै विस्फोटक पदार्थको अवैध भण्डारण र ओसारपसारमा सहयोगी थिए । अदालतले उनलाई उच्च सुरक्षा भएको 'दण्ड कोलोनी'मा सजाय भुक्तान गराउन आदेश दिएको छ । मस्कोको युक्रेनविरूद्धको आक्रमण करिब तीन वर्षदेखि जारी छ ।

## एचआईभीको जोखिममा रहेकालाई 'प्रेप'

# 'प्रेप' विधि बारे सचेतीकरण गर्दै परिवार नियोजन संघ पाल्पा

हाम्रा संवाददाता

**पाल्पा,** पौष ५/एचआईभी संक्रमणको जोखिममा भएकाहरुका लागि लक्षित गरी प्रिएक्सपोजर फाइलायासिस (प्रेप) सेवा पाल्पामा सञ्चालन भइरहेको छ । यो सेवा पश्चिम नेपालमै पहिलो पटक पाल्पामा सुरु भएको हो । यहाँ नेपाल परिवार नियोजन संघ पाल्पा शाखाको तानसेनस्थित क्लिनिकमार्फत् सेवा सञ्चालन भइरहेको छ ।

यो सेवा नयाँ भएकाले परिवार नियोजन संघ पाल्पाले जिल्लाका सरोकारवालाहरुमार्फत सचेतीकरण कार्यक्रम गर्दै आएको छ । उसले केही महिना अघिदेखि जिल्लाका विभिन्न व्यक्तिहरुसँग छलफल, अन्तर्क्रिया गर्दै सचेतीकरण गर्दै आएको हो । संघले विहीबार र शुक्रबार जिल्लाका सरोकारवाला निकायहरुबिच सूचना सञ्चार तथा समन्वयका लागि सचेतीकरण कार्यक्रम गरेको छ ।




शुक्रबार भएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले प्रेप बारे सबैलाई जानकारी गराई बाच्ने र बचाउने अभियानमा साथ दिन सबै सरोकारवाला निकायहरुलाई आग्रह गरे । उनले चुनौतीपूर्ण रहेको एचआईभी संक्रमणको जोखिमलाई कम गर्न प्रेप विधिको सही उपयोग गर्न जोड दिए । नेपाल पत्रकार महासंघका जिल्ला सचिव रामचन्द्र रायमाझीले प्रेप विधिले एचआईभी संक्रमणको जोखिम कम गर्नुको साथै संक्रमितहरुप्रति हुने लाञ्छना र विभेदको अन्त्य हुने विश्वास व्यक्त गरे । उनले परिवार नियोजन संघले सञ्चालन गरेको अभियानलाई सबै पक्षले साथ दिनुपर्नेमा जोड दिए । कार्यक्रममा पाल्पा अस्पतालका डा. अरुण शर्मा, युनाइटेड अस्पतालका निर्देशक डा. रचेल कारखले प्रेप एचआईभी संक्रमणको जोखिमलाई कम गर्न प्रभावकारी विधि भएकाले त्यसको सही उपयोग गर्न आग्रह गरे । बिहीबार भएको कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना प्रेपका बारेमा जनचेतना फैलाउने काममा जिल्लाका पत्रकारहरुले आवश्यक सहयोग गर्ने बताए । नेपाल सरकारले सन २०३० सम्म नेपालबाट एचआइभी सक्रमण तथा एड्स जस्ता रोगहरु उन्मुलन गर्ने लक्ष्य लिएको र सोहि लक्ष्य पुरा गर्न गराउन प्रेप उपचार विधी निकै प्रभावकारी देखिएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले बताए । कार्यक्रममा संघका शाखा प्रवन्धक सोवाकान्त न्यौपानेले प्रेप विधिका बारेमा सहजीकरण गरेका थिए । उनले एउटै घरपरिवारका श्रीमान र श्रीमति मध्ये एक जना एचआईभी संक्रमित भएको तर अर्को यौनसाथी संक्रमित नभई जोखिमको अवस्थामा रहेका व्यक्तिले प्रेप उपचार विधि शुरु गरेमा भविष्यमा संक्रमित हुनबाट बचाउने र सक्रमितसँग नियमित यौन क्रियाकलापमा सहभागी हुँदा समेत कुनै जोखिम नहुने बताए ।

...बाँकी अन्तिम पेजमा

## उपभोक्ता हकको रक्षा गर

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको वस्तु विक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
- जस्ता कार्य उपभोक्ताको हक विरुद्धका कार्य हुन्,

**यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पालपामा विस्फोट हुँदा एक जनाको मृत्यु

**पाल्पा,** पौष ५/जिल्लामा विस्फोटक पदार्थ विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ । जिल्लाको तिनाउ गाउँपालिका -२ बुढाचटकमा विस्फोटक पदार्थ विस्फोट हुँदा एक जनाको मृत्यु भएको हो ।



बुढाचटकका मदन सोमैको घर पछाडी आगनमा सलाईको काँटीबाट माछा मार्नको लागि विस्फोटक पदार्थ बनाउने क्रममा अचानक विष्फोट हुन जाँदा सोही ठाउँका २८ वर्षीय सुरज सोमैको मृत्यु भएको हो । उनको बुटवल हस्पिटल प्रा.लि. रुपन्देहीमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनका अनुसार विस्फोट हुँदा अन्य दुई जना घाइते भएका छन् । घाइते हुनेमा रुपन्देहीको तिलोत्तमा नगरपालिका-४ डिङ्गानगर घर भई बिहीबार साँझ मदन बहादुर सोमैको घरमा आएका २१ वर्षीय कोशिस भुजेल र २८ वर्षीय कुशल भुजेल रहेका छन् । उनीहरुलाई उपचारको लागि बुटवल हस्पिटल पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाइते मध्ये कोशिसको अवस्था सिरियस रहेको जनाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कृषिमा व्यवसायीकरण आवश्यक

कृषिमा व्यवसायीकरण आजको आवश्यकता हो । नेपालको कृषि प्रणाली अझै पनि जीविकोपार्जनमुखी छ । विगतमा भन्दा अहिले केही हदसम्म क्रमिक रूपमा व्यवसायीकरणतर्फ भने रूपान्तरण हुँदै गएको छ । यसलाई राम्रै मान्नुपर्छ । तथापि उत्पादित कृषि बालीवस्तुहरुलाई अझ व्यावसायिक एवं प्रतिस्पर्धी बनाउनु तत्कालीन आवश्यकता भइसकेको छ । आन्तरिक तथा बाह्य बजारको पहिचान गर्दै कृषिजन्य उत्पादनको उच्च वृद्धि गर्नु कृषिक्षेत्रको विकासका लागि अपरिहार्य भएको छ । कृषिजन्य उत्पादन बढाई आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्नु आवश्यक छ ।

साँच्चिकै देश समुन्नत बनाउने सरकारको मनसाय छ भने कृषिमा उत्पादकत्व वृद्धि गर्नुपर्छ, उत्पादकत्व वृद्धि गर्न कृषिमैत्री नीति कार्यक्रम ल्यौनपर्छ । कृषि विकासमा हाल रहेका 'प्रधानमन्त्री कृषि आधुनिकीकरण' जोनवाला कार्यक्रम र 'एडिएस' का कर्यक्रमले मात्र पुग्दैन । त्यसमा कृषिउपज वृद्धि गर्ने भनिएको छ, तर किसान प्रोत्साहनका कुनै विषयवस्तु समावेश गरिएको छैन, अब कृषि कर्म गर भनेर मात्र हुन्न । त्यसले जीवन निर्वाह मात्र गरेर पनि हुन्न, व्यवसाय र व्यावसायिकतासँगै देशको खाद्यान्न, दूध, तरकारी, माछा र मासुको अभावलाई समेत सम्बोधन गर्न सक्ने हुनुपर्छ । कृषिक्षेत्र किन पनि उच्च महत्वको छ भने यसबाट विभिन्न उद्योग सञ्चालन गर्न सकिन्छ । कृषिमा आधारित उद्योगको विकासले समग्रमा नेपालको आर्थिक विकास मात्र नभएर रोजगारीसमेत सिर्जना हुन्छ । उद्योग, व्यापार, कृषि–यी तीनको बीचको सम्बन्ध एउटै ओदानको तीनवटा खुट्टाजस्तै हुन्छ । कृषिबाट हामीले दैनिक उपभोग गर्ने खाद्यान्न आपूर्ति हुन्छ भने यसबाट राष्ट्रिय आयमा समेत टेवा पुग्छ । कृषिमा आवद्ध धेरै किसान अझै पनि परम्परागत कृषिमै आवद्ध छन् । उनीहरुलाई परम्परागतबाट व्यवसायिकतर्फ आकर्षण गर्न सरकारी तवरबाटै प्रोत्साहन गर्नुपर्छ । यसर्थ प्रांगारिक मलको सुव्यवस्था गरी कृषि उत्पादनलाई रासायनिक मल र विषादीरहित गराउँदै कृषि पशुपक्षी उत्पादनमा आधुनिकीकरण र अर्गानिकीकरण गराउनु अहिलेको आवश्यकता हो ।

### Opinion @ Social Network

जब ढुङ्गा मूर्ति बन्छ तब मात्र पुजिन्छ, तिमी पनि त्यस्तै हो
जब तिमी सफल हुन्छौ तब मात्र तिम्रो अर्थ बुझिन्छ ।
(*माया सारुकोफेसबुक स्टाटसबाट* *https://www.facebook.com/Maya.saru*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बालसाहित्यको प्रश्न



**शीतल गिरी**

नेपाली बालसाहित्यमा चित्राङ्कनको शुरूआत कहिले भयो भन्नेबारे ठोस अध्ययन भइनसके पनि बालसाहित्य र चित्राङ्कन बीचको अन्योन्याश्रित सम्बन्ध रहेकोमा दुई मत देखिँदैन । हुन पनि चित्र त भाषा भन्दा जेठो अभिब्यक्तिको विश्वव्यापी माध्यम नै हो । लिपीको विकासभन्दा अगाडि नै चित्राभिब्यक्ति र चित्राक्षरको शुरूआत भइसकेको थियो । ग्रहण गर्न सजिलो माध्यम भएरै होला भरखर तोतेबोली फुटेका नानीहरू पनि चित्रको रङ र लय हेर्दै 'ताताङ-तुतुङ' बोलीमा हराउन थाल्छन्, मन्त्रमुग्ध हुन्छन् । मानसिक र शारीरिक बुद्धिसँगै उनीहरूको बोध र ग्रहण क्षमता बढ्दै जान्छ र चित्रको भावनामा डुब्ने कल्पनाको रोचक उडान भर्न सक्छन् । चित्राङ्कित साहित्यले त्यस्तो आस्वाद्य रस प्रदान गर्दछ जसलाई बालबालिकाहरू पहिले आँखाले पिँउछन् अनि मन मष्तिस्कमा पुर्याएर भावना वा विचारलाई अमृतमय पार्दछन् (गोविन्दराज विनोदी) । बालबालिकाहरूलाई मनोरञ्जन दिने, रचनात्मक एवं सिर्जनात्मक हुने प्रेरणा दिने र ज्ञानविज्ञानका विविध विषय सम्बन्धमा जानकारी दिने विषयवस्तुलाई उनीहरूको उमेर अनुसारको सरल सरस भाषामा रोचक तरिकाले प्रकाशन गरिएको कृति नै बालसाहित्य हो (प्रमोद प्रधान) । यसैगरी पाठ्यपुस्तक र बालसाहित्यमा प्रयोग हुने चित्राङ्कनबारे विश्लेषण गर्दै प्रा.डा.चूडामणि वन्धु लेख्छन्, पाठ्यपुस्तकमा चित्र उदेश्य केन्द्रित र स्थिर हुन्छ । चित्रकारको भूमिका सहायकको रुपमा हुन्छ । चित्रको प्रयोग गतिशील हुन्छ र बालसाहित्यमा चित्रकारको भूमिका स्रष्टाको रुपमा उत्तिकै महत्वपूर्ण हुन्छ । बालसाहित्यको चर्चा हुँदा म एक छेउँमा उभिएर टोलाइरहेको अवस्थामा आफूलाई अनुभव गर्दछु । बालसाहित्यलाई हामीले बुझ्न सक्नु पर्छ । तर बालबालिकालाई त सबैले बुझेकै छन् । त्यस बालबालिकाको साहित्यप्रतिको रुचिलाई थोरैले मात्र बुझ्ने प्रयत्न गर्छन् । युग अनुसार बालबालिकाको रुचि पनि परिवर्तन हुन्छ । यो सत्य सर्वप्रथम बुझ्नु पर्ने हुन्छ । आफ्नो अध्ययन सीमित भएको कारण प्रारम्भका बारेमा सङ्क्षिप्तमात्र चर्चा गर्न चाहन्छु । यसै प्रसङ्गमा कुरा गर्दै बालकका पूर्व सम्पादक रमेश विकलले २०२३ सालपछि प्रकाशन आरम्भ गरेको बालकले पनि चित्राङ्कनलाई धेरथोर ठाउँ दिएको बताउँछन् । यसरी आफ्नो प्रारुप तय गरेको बालसाहित्यमा चित्राङ्कन पक्ष कतै घिस्रिँदै अनि कतै दौडेर अगाडि बढ्यो । निजी क्षेत्रबाट प्रकाशन थालेको रत्न पुस्तक भण्डारले २०२७ पछि कृष्णप्रसाद पराजुलीको 'सातगेडीको कथा' र 'सुनौलो तीन कुरा' पहिलोपल्ट प्रकाशन थालेर चित्रको एकाध प्रयोग गर्दै लामो समयसम्म चित्राङ्कनको परम्परा धान्नेमात्र काम गर्यो । सन् १९७२ मा अन्तर्राष्ट्रिय पुस्तक वर्ष मनाइयो ।

कुनै पनि राष्ट्रको इतिहासका निर्माता त्यसै राष्ट्रका जनता हुन् । इतिहास भन्नु नै समयक्रममा आएका व्यक्ति र तिनका कार्यका परिणाम हो । जनक, सीता र बुद्ध नेपालमा नजन्मेका भए, पृथ्वीनारायण शाह, बलभद्र र अमरसिंहले यसको निर्माण र संरक्षण नगरेको भए, भानुभक्तले भाषा नदिएको भए र शहीदले रगत नबगाएको भए आज नेपाल अर्को हुने थियो । गरिबै भए पनि नेपाल सधै स्वतन्त्र बनेर जुन स्वाभिमानले बाँचेको छ त्यो कुरा पुर्खाका पौरखबाट नै संभव भएको हो । राष्ट्रिय स्वाभिमान र पहिचानका यस्ता कुरा नयाँ पुस्ताका बालबालिकाहरूका ह्दयमा जमेर बसेको हुनुपर्छ अनि मात्र नेपाल अझै पनि हजारौं हजार वर्षसम्म स्वतन्त्र भएर बाँच्न सक्छ । जसरी हामी हाम्रा इतिहासका निर्माता हौं त्यसरी नै हामी त्यसका परिणाम पनि हौं । आजका बालबालिकाहरूले यस प्रकारको इतिहासको निर्माणका निम्ति धेरै समय पाएका छन् । आजका बालबालिकाहरूका निम्ति यस शताब्दीको पूरै हिस्सा छ, इतिहास निर्माण गर्न । बालबालिकाहरूको आजको जीवन पनि इतिहासकै परिणाम हो । आज हामीसँग यिनीहरूका निम्ति जे जति छन्, ती पनि हामीले पुर्खाबाट पाएका छौं, जे जति बनेका छन् ती पनि इतिहासकै परिणाम हुन् । बालबालिकाको मस्तिष्क सुकोमल, स्वच्छ, पवित्र र निष्कलङ्क हुन्छ । तसर्थ उनीहरूको कलिलो मस्तिष्कका लागि सहज, सरल, मनोरञ्जनात्मक, औत्सुक्यपूर्ण र कोमलकान्त भाषिक युक्त बालसाहित्य हुनु आवश्यक छ र बालसाहित्यले सामान्यतया यी प्रवृत्तिहरूलाई आत्मसात गरेको पनि पाइन्छ ।

बालसाहित्यका पाठक वा लक्षित समूह नै बालबालिका भएका हुनाले बालमनोव्यञ्जना बालसाहित्यको मूलभूत विशेषताको रुपमा देखापर्छ । नेपाली बालसाहित्यको इतिहासमा लेख्यरूपमा आउनुभन्दा पूर्वका बालसाहित्यिक सामग्रीहरू साहसिक, अतिरञ्जनात्मक र धार्मिक-नैतिक भावनाबाट अभिप्रेरित देखिन्छन् भने त्यसपछिका बालसाहित्यहरूले ज्ञान विज्ञानका विविध प्रवृत्तिहरूलाई संवरण गरेको पाइन्छ । नेपाली साहित्यमा बालसाहित्य लेखन परम्पराको थालनी भएको त्यति धेरै समय भएको छैन । वि.सं. १९५८ मा देवशमशेरको शासनकालमा उपत्यकाभित्र पचास वटा र उपत्यका बाहिर एक सय वटा भाषा-पाठशालामा अध्ययन गराउन बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहले लेखेको 'अक्षराङ्कनशिक्षा' पाठ्यपुस्तक नै पहिलो औपचारिक पाठ्यसामग्री बन्यो । यसमा रहेका छोटा नैतिक-धार्मिक कवितालाई नै लेख्य नेपाली बालसाहित्यको प्रारम्भ विन्दुमान्नु पर्ने देखिन्छ । त्यसभन्दा पूर्व श्रुति परम्परामा बाँचेका लोकगीत-लोककथा नै बालसाहित्यका सामग्री थिए । यस आधारमा औपचारिकरुपमा वि.सं. १९५८ लाई नै आधारविन्दु मानेर हेर्दा एक शतकको इतिहास नेपाली बालसाहित्यले संवहन गरेको पाइन्छ । तसर्थ यस अवधिभित्रका नेपाली बालसाहित्यमा देखिएका प्रवृत्तिगत विशेषताहरूमा पनि विविधता देखिनु स्वाभाविकै हो । मूलत: लेखनाथ पौड्याल र चक्रपाणि चालिसेसम्मका बालसाहित्य अधिकांशत: नैतिक आदर्शपरक प्रवृत्तिका देखिन्छन् भने लक्ष्मीप्रसाद देवकोटायताका बाल साहित्यहरूमा प्रकृतिपरकता बढी पाइन्छ र २०३० को दशकयताका बालसाहित्यमा बालपरिवेशपरक प्रवृत्ति बढी पाइन्छ । वर्तमानका समसामयिक बालसाहित्यमा बालसंसारका यावत विषयवस्तुका साथै उनीहरूका रुचि, प्रवृत्ति, खेल, ज्ञान विज्ञान र प्रविधि आदि विषयलाई नेपाली बालसाहित्यको अन्तर्वस्तु बनाउने प्रवृत्ति पनि पाइन्छ । छोटो इतिहासमात्र तय गरेको बालसाहित्यको विधामा चित्राङ्कनको राम्रो राम्रो प्रयोग र सिर्जना भएको छ । बालसाहित्यमा चित्राङ्कनको अपरिहार्यता महसुस भएपछि यस क्षेत्रमा कुची चलाउनेहरूको पनि ठूलै जमात देखिन्छ । तर सबैका सिर्जना उत्कृष्ट र दोषरहित छैनन् । चित्राङ्कनको आधारमा उत्तम, मध्यम र निम्नस्तरका कला पनि प्रकाशनमा प्रयोग भएका छन् । आज हामीहरूले जे गर्छौं त्यसको परिणाम पनि भोलि हामीले भोग्नैपर्छ, उम्कने उपाय छैन । इतिहास भनेको व्यक्तिले गरेका कामहरू मात्र होइन, तिनका परिमाणको पनि अभिलेख हो ।

राष्ट्रको इतिहास जानेर बालबालिकाहरूले आफ्नो पुर्खाको पौरख थाहा पाउँछन्, उनको सफलता र असफलताहरू, उनका विजय र पराजयहरू पत्ता लगाउँछन् । बालबालिकाहरूका निम्ति इतिहासका कुराहरू र महापुरूषका कथाहरू धेरै किसिमले प्रस्तुत भएका छन्, ऐतिहासिक आख्यान, किशोर जीवनी र बालजीवनीका रूपमा । विश्वसाहित्यको इतिहास हेर्दा केही लेखकले एतिहासिक आख्यान लेखेर योगदान गरेका छन् । ऐतिहासिक आख्यान भनेको ऐतिहासिक घटना र परिवेशमा आधारित भई लेखिएको उपन्यास वा कथा हो । यसमा इतिहासका कोरा तथ्यलाई सजीव बनाउन काल्पनिक घटना र पात्रहरूको रचना गरेर आवश्यकतानुसारको सामाजिक परिवेशको निर्माण गरिन्छ । नेपाली भाषामा केही ऐतिहासिक उपन्यास लेखिएका भएपनि बालबालिका वा किशोर-किशोरीहरूका निम्ति नै भनेर लेखिएका ऐतिहासिक आख्यानहरूको सर्वथा अभाव नै छ । इतिहासका पात्रहरूलाई प्रस्तुत गर्दै लेखिने अर्को किसिमको विधा जीवनी हो । जीवनी तथ्यमा आधारित साहित्य भएकोले यसको प्रकृति कल्पनामूलक साहित्यका अरु विधाभन्दा फरह हुन्छ ।

साहित्य भएकै कारणले यसमा भाषाको आकर्षक प्रयोग पाइन्छ । विशुद्ध तथ्यपरक जीवनीहरू त इतिहासमा अभिरुचि हुने प्रौढहरूका लागि मात्र उपयोगी हुन्छन् । तर किशोरावस्था विशेष गरी व्यक्तित्व निर्माणको समय भएकोले किशोरहरूका लागि जीवनी बढी उपयोगी हुन सक्छन् । यसै कारण किशोर जीवनी जस्ता किशोरहरूका निम्ति लेखिएका जीवनीले बालसाहित्यका विशिष्ट विधाका रुपमा बेग्लै पहिचान बनाएको पाइन्छ । यस सत्यलाई स्वीकरगरेको हुँदा धेरैजसो बालसाहित्यकार जीवनी लेखनमा संलग्न भएको पाइन्छ । जीवनी लेखन वास्तविकताको आधारमा लेखिनु पर्दछ । जीवनी लेखन बालसाहित्यकारले तथ्यपूर्ण सत्यलाई प्रकट गर्नु पर्दछ । भाषाको चमत्कार देखाउन भ्रमपूर्ण लेखन द्वारा अवास्तविकलाई वास्तविक भन्नु हुँदैन । जीवनी लेखन सत्यको आधारमा लेखिनुपर्दछ । हुन पनि संसारका महापुरूषको जीवनी पढेर प्रेरणा लिनसक्ने समय पनि १२ वर्ष पछिको किशोरावस्था नै हो । किशोर-किशोरीहरूलाई उनीहरूको व्यक्तित्व निर्माण गर्न उनीहरूका निम्ति लेखिएका किशोर जीवनी दिएर महापुरूषहरूप्रति श्रद्धा जगाई तिनीहरूलाई सुमार्गका यात्री वनाउन सकिन्छ । साना बालबालिकाहरूका लागि जीवनीहरूलाई जीवनी मालाका रूपमा प्रकाशित गर्ने चलन पनि छ । बालबालिका ज्ञानका भोका हुन्छन् । उनहरूमा पनि साहित्यप्रति झुकाव हुन्छ । महापुरूषका जीवनीहरूलाई सरल भाषा र आकर्षक शैलीमा प्रस्तुत गरेर बालबालिकाहरूका निम्ति उपयुक्त बनाइन्छ । यस्ता जीवनीपूर्ण वा आंशीक पनि हुन्छन् । पूर्ण जीवनीमा व्यक्तिको पूरै जीवन कथा हुन्छ भने आंशिकमा व्यक्तिको कुनै अंश मात्र प्रस्तुत हुन्छ । इतिहासमा जोड दिएर त्यसलाई प्रामाणिक र वस्तुगत बनाउन सकिएला र व्यक्तिका रुपमा प्रस्तुत गरेर चरित्रचित्रणमा प्रकाश पार्न पनि सकिएला । यस अवस्थामा हुनसक्छ व्यक्तिका सकारात्मक पक्षलाई प्रकाशमा ल्याइएला र नकारात्मक पक्षलाई हटाइएला अनि कतिपय किवदन्तिमूलक विषयको समावेश पनि गरिएला । तर अनावश्यक, मनगढन्त र काल्पनिक कुराको समावेश भने त्यति उपयुक्त नहोला । साहित्यिक कृति भएकाले जीवनीमा आकर्षक शैलीको अपेक्षा त गरिन्छ नै । प्रत्येक बालक प्रकृतिको मूर्त रूप हो । उसभित्र प्रौढ वर्गले नसोचे जस्तो विद्वान द्रष्टाले नदेखे जस्तो र वैज्ञानिकले विश्वासै नगरे जस्तो अलौकिक संसार हुन्छ । आकर्षक नभएमा जीवनीको साहित्यिक महत्व कम भइदिन्छ । नेपाली भाषामा केही जीवनीहरूका संकलक निस्केका छन् र ती लोकप्रिय पनि भएका छन् । तैपनि नेपाली बालबालिकाहरूका निम्ति भनी तयार गरिएका ऐतिहासिक व्यक्तिका जीवनीको पूरै कथा भएको पूर्ण जीवनीको संख्या भने कमै छ । जीवनी तथ्यमा आधारित भए पनि कला हो, निर्माण हो, मानिसको जीवन जस्तै । महापुरुषका जीवनी पढेर बालबालिकाहरूले के थाहा पाउँछन् भने ती विश्वप्रसिद्ध व्यक्तिहरू पनि केटाकेटी बेलामा आफु जस्तै थिए, तर निरन्तरको अध्ययन, परिश्रम, लगन र साधनाले गर्दा तिनीहरू प्रसिद्ध भए, अमर भए । व्यक्तिका निम्ति अनेक मार्ग छन्, जुन मार्गमा लागे पनि हुन्छ, सफल हुनुपर्छ, त्यसका निम्ति महापुरूषको जीवनीहरू पथप्रदर्शक बन्न सक्छन् । त्यसकारण आफ्ना बालबालिकाहरूलाई तिनका पुर्खासँग परिचित गराउनुहोस्, इतिहासको जानकारी दिनुहोस् र संसारका महापुरूषहरू कसरी महापुरूषबने भन्ने कुरा थाहा पाउने राम्रा जीवनीहरू छानेर दिनुहोस् । बालक सफा सेतो कोरा कागत हो जसमा कुनै दाग हुँदैन । दागरहित यस्तो बाल मस्तिष्कमा सरल, आकर्षक र ज्ञानबर्द्धक चित्राङ्कन सहितको उत्कृष्ट साहित्य दिएर सुसंस्कृत बनाउनु पर्दछ । बालसाहित्यमा रुचि राख्ने वा समर्पित भएर लाग्ने सबैको दायित्व भनेको सकेसम्म दोषरहित, उत्कृष्ट बालसाहित्य उपहार दिएर बालबालिकाको स्वस्थ विकासमा सहयोग पुर्याउनु पर्छ । अनि आजको आधुनिक युगमासमेत केटाकेटीलाई परमपरागत शैलीमा अक्षर घोटी-घोटी मात्रा पिलाएर विद्धान बनाउने कल्पना गर्नुभन्दा सृजनशीलता सँगसँगै ज्ञानआर्जन हुने खालको खेल र साहित्य सम्बन्धी मनोरञ्जन श्रव्य, दृष्य शिक्षण पद्धति अवलम्बन गर्नु प्रभावकारी हुन्छ । असल बालसाहित्यले बालबालिकाको, परिवारको, समाजको, राष्ट्रको र विश्वको नै भविष्य निर्माणमा सहायक हुन अवश्य सहायता गर्दछ ।**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा इच्छाशक्ति बढ्नुको साथै लक्ष्य प्राप्तिमा सफलता मिल्नेछ।

**वृष** : कानुनी मुद्दा मामिलामा सफलता मिल्नेछ।विद्यार्थीहरूको तर्कमा वृद्धि हुनेछ।

**मिथुन** : व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। लिएको निर्णयको प्रशंसा हुनेछ।

**कर्कट** :व्यापार व्यवसायमा नयाँ अनुबन्ध व्यापार विस्तारको लागि सहायक रहनेछ।

**सिंह** : कार्यक्षेत्रमा नम्र व्यवहारले सहयोगीहरूको साथ मिल्नेछ।

**कन्या** : सामाजिक सञ्जालमा बोल्दा शब्द चयनको ख्याल राख्नुहोला।

**तुला** : आर्थिक पक्षमा हानिको योग हुनसक्छ । काममापारदर्शी राख्नुहोला।

**बृश्चिक** : कृषि वा पशुधनबाट मनग्य लाभ पाइनेछ।आत्मविश्वासमा वृद्धि हुनेछ।

**धनु** : कार्यक्षेत्रमा संघर्ष बढ्नेछ । सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ।

**मकर** : नोकरी वा पेशामा मनमानी गर्दा अधिकारी वर्गहरूसँग मनमुटाव हुन सक्ला ।

**कुम्भ** : घरपरिवारमा धार्मिक वा मांगलिक कार्यले मन प्रसन्न रहनेछ।

**मिन** : व्यवसायमा नयाँ निर्णय लिनुभन्दा अघि महत्वपूर्ण तथ्यको पूरा जानकारी लिनुहोस्।

# साहित्य दर्पण

निबन्ध — नन्दलाल आचार्य

## डिग्रीको दौड

*शिक्षा जीवन निर्माणको साधन हुनु पर्ने हो तर कागजको प्रमाणपत्र पाउने दौडमा सीमित भएको छ । आज डिग्री प्राप्त गर्ने होड छ । मानौँ, डिग्री नै जीवनको अन्तिम लक्ष्य हो । मानिसहरूले डिग्रीका लागि दिनरात खटेर पढ्छन् तर के ती डिग्रीले तिनको भविष्य सुरक्षित गर्न सक्छ ? ठूलो डिग्रीका साथ बेरोजगारको सङ्ख्या दिन प्रतिदिन बढ्दै छ । ठूला डिग्रीधारीहरू औद्योगिक तालिम नपाएर केवल सर्टिफिकेटका बन्डल बोकेर समाजमा हिँडिरहेका छन् ।डिग्री सानो भयो भने समाजको नजरमा व्यक्तिको महत्त्व घट्छ, ठूलो डिग्री भयो भने गर्व हुन्छ तर ठूला डिग्रीले सोचलाई बदल्न सकेका छन् ? डिग्री भनेको केवल एउटा कागज हो । सोच र सीप भने वास्तविक क्षमता हो । तर यहाँ सोचभन्दा डिग्रीलाई उच्च सम्मान दिइन्छ ।समाजले डिग्रीलाई ज्ञानको प्रमाण ठान्नु एउटा ठूलो भ्रम हो । डिग्रीले रोजगारी पाउन सजिलो बनाउँछ भन्ने सोच छ, तर वास्तविकता फरक छ । ठूला डिग्री लिएर पनि लाखौं मानिस बेरोजगार छन् । डिग्रीले केवल मान्छेको शैक्षिक यात्रा देखाउँछ, तर उसको जीवनमा के सिक्यो, के सोच्यो भन्ने कुरा देखाउन सक्दैन । शिक्षा प्रणाली आज व्यवसायमा रुपान्तरण भएको छ । विश्वविद्यालय र विद्यालयहरूले पैसा कमाउने माध्यम बनाएका छन् । विद्यार्थीहरूको भविष्य निर्माण गर्ने भन्दा उनीहरूलाई ग्राहकको रूपमा व्यवहार गरिन्छ ।*

शिक्षा कुनै समय ज्ञान र जीवनको रूपान्तरणको साधन थियो । समाजले शिक्षालाई एउटा उच्च मान्यता दियो, जहाँ व्यक्तिको सोच, सीप र चरित्रले महत्त्व पायो । तर आजको युगमा शिक्षा केवल एउटा प्रमाणपत्रको स्वरूपमा सीमित छ । डिग्री पाउनु नै शिक्षित भएको प्रमाण मानिन्छ । यसले न केवल शिक्षा प्रणालीको विडम्बना देखाउँछ तर मानिसको सोचको सीमितता पनि उजागर गर्छ । समाज आज कागजको एउटा टुक्रालाई ज्ञानको प्रमाण ठानिरहेको छ । त्यो कागजको नाम हो, डिग्री । डिग्री, जसलाई मानिसले आफ्नो सफलता र असफलताको आधार मानेको छ । डिग्रीबिना मान्छे अधूरो ठहरिन्छ । तर के साँच्चै डिग्रीले मान्छेको क्षमता र योग्यताको परिभाषा दिन सक्छ ? शिक्षा प्रणालीलाई हेरौं । विद्यालय र विश्वविद्यालयहरूलाई ज्ञानका तीर्थस्थल भनिन्छ तर ती व्यापारका केन्द्र बनेका छन् । ज्ञानको सट्टा नक्कली प्रमाणपत्रहरूको व्यापार हुन्छ । विद्यार्थीहरूलाई सोच्न सिकाउने वातावरण छैन, केवल परीक्षा पास गर्न तयार पारिन्छ । शिक्षा जीवन निर्माणको साधन हुनु पर्ने हो तर कागजको प्रमाणपत्र पाउने दौडमा सीमित भएको छ ।आज डिग्री प्राप्त गर्ने होड छ । मानौँ, डिग्री नै जीवनको अन्तिम लक्ष्य हो । मानिसहरूले डिग्रीका लागि दिनरात खटेर पढ्छन् तर के ती डिग्रीले तिनको भविष्य सुरक्षित गर्न सक्छ ? ठूलो डिग्रीका साथ बेरोजगारको सङ्ख्या दिन प्रतिदिन बढ्दै छ । ठूला डिग्रीधारीहरू औद्योगिक तालिम नपाएर केवल सर्टिफिकेटका बन्डल बोकेर समाजमा हिँडिरहेका छन् । डिग्री सानो भयो भने समाजको नजरमा व्यक्तिको महत्त्व घट्छ, ठूलो डिग्री भयो भने गर्व हुन्छ तर ठूला डिग्रीले सोचलाई बदल्न सकेका छन् ? डिग्री भनेको केवल एउटा कागज हो । सोच र सीप भने वास्तविक क्षमता हो । तर यहाँ सोचभन्दा डिग्रीलाई उच्च सम्मान दिइन्छ ।समाजले डिग्रीलाई ज्ञानको प्रमाण ठान्नु एउटा ठूलो भ्रम हो । डिग्रीले रोजगारी पाउन सजिलो बनाउँछ भन्ने सोच छ, तर वास्तविकता फरक छ । ठूला डिग्री लिएर पनि लाखौं मानिस बेरोजगार छन् । डिग्रीले केवल मान्छेको शैक्षिक यात्रा देखाउँछ, तर उसको जीवनमा के सिक्यो, के सोच्यो भन्ने कुरा देखाउन सक्दैन । शिक्षा प्रणाली आज व्यवसायमा रूपान्तरण भएको छ । विश्वविद्यालय र विद्यालयहरूले पैसा कमाउने माध्यम बनाएका छन् । विद्यार्थीहरूको भविष्य निर्माण गर्ने भन्दा उनीहरूलाई ग्राहकको रूपमा व्यवहार गरिन्छ । शिक्षालाई व्यापार बनाइँदा, ज्ञानको गहिराइ हराउँदै गएको छ।शिक्षा प्रणालीमा सोचको अभाव छ । विद्यालयमा सोच्न सिकाइँदैन, केवल रट्न सिकाइन्छ । प्रश्न गर्न सिकाउने शिक्षा प्रणाली हराइसकेको छ । ज्ञानका लागि पढ्ने परम्परा लोप हुँदै छ । विद्यार्थीहरूले डिग्रीका लागि परीक्षा पास गर्न पढ्छन्, तर जीवनका लागि सोच्न जान्दैनन् ।डिग्रीको पछाडि लाग्ने मानिसहरू जीवनमा दौडिन सकेका छैनन् । उनीहरूको जीवन केवल डिग्रीको ठुलाइमा सीमित भएको छ । तर सोच र सीपको कमीले उनीहरू वास्तविक जीवनमा असफल भइरहेका छन् । नेतृत्व वर्गलाई हेरौं । उनीहरू डिग्रीका महत्त्वमा भाषण दिन्छन् । शिक्षाको विकासका नारा लगाउँछन् । तर तिनका आफ्नै डिग्री विवादास्पद हुन्छन् । फर्जी प्रमाणपत्रको साहाराले कुर्सी कब्जा गर्नेहरूले शिक्षाको वास्तविक महत्त्व बुझ्न सकेका छैनन् । जनताका लागि शिक्षाको पहुँचको कुरा गर्दा, तिनले आफ्नो सत्ता टिकाउने माध्यम मात्र सोच्दछन् । जनता शिक्षामा सुधार चाहन्छन् । तर शिक्षामा सुधारको नारा दिने नेताहरू शिक्षालाई व्यापारको रूपमा प्रयोग गर्छन् । शिक्षा प्रणाली सुधार्न ध्यान दिइँदैन ।

विद्यालय र विश्व विद्यालयमा नक्कली प्रमाणपत्रको चलखेल भएको घटना छ्याप्छ्याप्ती छ । समाजले डिग्रीलाई जीवनको मापनको आधार बनाएर ठूलो गल्ती गरिरहेको छ । डिग्रीको आधारमा मानिसको योग्यता निर्धारण गरिन्छ तर सोच र सीपको मूल्याङ्कन गरिँदैन । शिक्षाले मानिसलाई सोच्न सिकाउनु पर्छ तर यहाँ सोचको विकास गरिने छैन । शिक्षाले केवल परीक्षा पास गर्न र डिग्री पाउन प्रेरित गर्छ । सोचको अभावले समाज पछाडि धकेलिएको छ । समाधान के हो ? यस प्रश्नले मन हल्लाउँछ । शिक्षा प्रणालीलाई व्यवहारिक बनाउनुपर्छ । पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्छ । विद्यार्थीहरूलाई केवल परीक्षा पास गर्न होइन, जीवनका समस्या समाधान गर्न तयार पार्नुपर्छ । सीपमूलक शिक्षा प्रणाली आवश्यक छ । डिग्रीभन्दा सीप ठूलो हो । सीपले मात्र मानिसलाई आत्मनिर्भर बनाउन सक्छ । सीपको विकास बिना शिक्षाको कुनै अर्थ छैन । सरकारले सीपमूलक शिक्षा प्रणालीको विकासमा ध्यान दिनुपर्छ । शिक्षाले सोचको विकास गर्नुपर्छ । शिक्षाको उद्देश्य सोच बदल्नु हो । सोचले मात्र मानिसलाई नयाँ दिशामा डोर्याउन सक्छ । सोचको विकास बिना शिक्षाले कुनै भूमिका निर्वाह गर्न सक्दैन । डिग्रीको पछाडि दौड्ने समाजलाई सोच र सीपको महत्व बुझाउनुपर्छ । डिग्रीको आकारले होइन, काम र योगदानले व्यक्तिको मूल्य निर्धारण गर्नुपर्छ ।शिक्षा जीवनका लागि हुनुपर्छ, डिग्रीका लागि होइन । शिक्षाले मानिसलाई सोच्न र काम गर्न सिकाउनु पर्छ । सोच र सीपको क्रान्ति बिना समाजको प्रगति सम्भव छैन । देशको भविष्य सुधार्न शिक्षाको प्रणालीमा सुधार आवश्यक छ । सरकार, शैक्षिक संस्था र समाजले सोचको विकास र सीपको महत्त्वलाई प्राथमिकता दिनुपर्छ । शिक्षा प्रणाली सु[ि]ए मात्र देशको प्रगति सम्भव छ ।शिक्षा डिग्रीका लागि होइन, जीवनका लागि हो । सोच र सीपको विकास बिना शिक्षा अधूरो छ । डिग्रीले मात्र मानिसको भविष्य बदल्न सक्दैन । सोच र सीपले मात्र जीवनमा साँचो परिवर्तन ल्याउन सक्छ ।

*-साहित्य पोष्ट डटकम*

लोककथा — सुरेशकुमार भट्ट

## केटीका बाबु आमा बोल्या छैनन्

उहिल्यै गोरखाको पैरेनी भन्ने गाउँमा एउटा छोरा लिएर दुई बुढाबुढी बस्थे । तिनका अरू सन्तान पनि थिएनन् । छोरा रामु पनि ११ वर्ष लागिसक्यो । उसका दमली सबैको विवाह भइसक्यो तर रामको भने भयो भयो हुन्छ अनि बिग्रन्छ । तीन वर्ष भइसक्यो अहिलेसम्म १२/१५ वटा केटी हेरिसक्यो जब कन्याको हात माग्न गयो हुँदैन कोही भन्दैन छोराको विवाह पनि हुँदैन । सन्तु बुढा लुरुलुरु लौरो टेकेर दिक्क हुँदै घर फर्कन्छन् ।

बुढी तगारामा नै सोध्न पुग्छिन् र भन्छिन् भयो त काम बुढा ? बुढा भन्छन् 'भैन पो बुढी रामे छोराको ब्या ता' खुइइया गर्दै बुढा पिँडीको टाँडमा बस्छन् । बुढी नजिकै आएर बुढाको हातबाट लौरो तानेर लिन्छिन् र टाँडमुनि राख्दै भन्छिन् 'पख पख बुढा मुहूर्त नआएर हो मुहुर्त आएसि घरमै दिन आउँछन् ।' खै कहिले आउला त्यो मुहर्ता नि म हिँडेको हिँडेई छु, होलाकिले छोड्ने छैन हुनी कहिल्यै होइन पो भो ए रामेकी आमा मुख सुक्यो मुइले खाम ।थप सामग्री : पारेकै छैन हिजोको अमिल्सियो कि ? राख्न त घैटोमा राख्या हो भुईंमा भन्दै भित्र गएर घैंटो र काँसे बटुको लिएर आइन् बटुको सफा नदेखेकाले कम्मरबाट गुन्युको छेउ तानेर राम्रोसँग पुछेर टल्काइन् र मोही सार्दैथिन् बुढाले भने 'पख चाखुम् अम्लो भए पानी हाल्नु पर्‍यो' भनेर हात लम्काएर चुप्प ताने । 'ए अलिकति सक्खर ले त बुढी जा जा भनेपछि जुरुक्क उठिन् र भनिन् अमिलै छर अमिलै भए नखाऊ हिँडेर आको गानामा लाग्ला नि फेरि ।'तेस्तो त होइन तै नि गुलियो खाए एक छिन् भोक टर्छ थकाइ मर्छ भनेर ।' बुढीले सक्खर हालेर डाडुले फिटिन र देब्रे हातमा डाडुले तुरुक्क पारेर सुरुप्प पारिन् । 'मीठो भाछ अमिलोको दाग पनि छैन लो खाऊ भनेर बटुकाभरी राखिदिइन । बुढाले दुई हातले डबका समाएर घटघट मोही पिएर फेरि डबका थापे 'लौ खाऊ शित्तल हुन्छ' भनेर बुढीले घैंटैले खन्याइदिइन् । बुढाले दुई हातले अँठ्याएर घट्घटी तानेर ढ्याऊ गरेर डकारे । त्यही बेला रामे आइपुगेर बाउलाई सोध्यो बाउ काँ गएर आ ?'मलाई के ल्याइँदिएऊ ।' बिचरा अन्जान बालक त्यसभन्दा के भनोस् । बुढाले टाउको मसार्दै भने तँलाई नै स्वास्नी खोज्न गा खोइ पाइएन । 'काँ हराथ्यो र त्यो स्वास्नी ? बुढाबुढी नै मुखामुख गरेर हाँसे अनि बुढाले भने 'कान्छा तँ सक्खर मोईमा हालेर खाने कि त्यसै ?'नाई बा मत त्यसै हातमा लेर खान्छु' ल ल खा जा त्यो हाडे सक्खर दे छोरालाई मुखमा लिई राख्छ । सधैं त्यही त खान्छ नि भन्दै भित्र गएर हातमा ल्याएर दिइन् । रामेले दाहिने हात थाप्यो अलि पर गएर दाहिने चाट्यो देब्रेमा राख्यो फेरि दाहिनेमा सार्‍यो देब्रे चाट्यो यसरी नै सक्कर अलि अलि भिजेको पग्लिएर गुलियो आउँदा मख्खै थियो रामे । 'एउटा छोरो पुल्पुलिएर अझै केटाकेटी नै छ जस्तो पारा रामेको हेर बुढी' भन्दै बुढा सुत्न गए । त्यस दिन साँझ परेकाले खानपान गरे सुते । भोलिपल्ट बिहानै उठेर बुढाले टाँडमुनिबाट बाघकाने जुत्ता झिकेर लाए । लौरो थुतेर हातमा लिँदै भने, 'अइ बुढी सुन्त म आज गैरीगाउँ जान्छु । त्याँ मुख्या कान्छाका छोरीहरू तीन चार बहिनी छन् रे दि पो हाल्छन्कि हाम्रो नि एउटै छोरो त छ । एउटालाई दूध चुस्नु र भात उकेल्न पुगिहाल्छ हाम्रो पो के कमी छ र है खुम्चिएर बस्नु । ल घर वस्तुभाउ र रामेको ख्याल राख, म हिँडे भनेर बुढाले आँगनमा लौरो टेके बुढीले भनिन् पख त भन्दै भित्र गएर दही र सक्खर डाडुमा ल्याएर मुख सिद्धि गरेर जाऊ । आज त काम हुन्छ है सोम खेती बुध घर भन्छन् आज त बुधैबार पर्‍या छ ।थप सामग्री पनि क्वाप्प मुखमा राखेर दही सक्खर चपाउँदै बाटो लागे । रामे अक्क न बक्क न परिपक्व बिचरा हेरि मात्र रफयो । आमाले बाउलाई दिँदा दिएको भस्के सक्खर बल्ल मुखमा हालेर फुत्त हाम्फाल्दै तल्तिर गयो । बुढी आफ्नै धन्दामा लागिन् । बुढा गैरीगाउँ पुगेर जो जो भेट भए सबैलाई आफ्नो कुरा राखे । सुन्नेले पनि काइदा राम्रो कुरा भन्नुको घर छ तपाईको एउटा छोरा तिर्पिन्तास छ एउटालाई लाउन खान उकेर्नु भाग्यमानीले मात्र पाउँछ । त्यस्तो घरकेटा भने । मुख्या कान्छा परारै विदेश पसिसकेका, मुखिनी कान्छी माइत गएकी रहिछन् भेट भएन । मुखियाले पनि हुन्छ भने गाउँले सबैले हुन्छ किन नहुने भनेकाले सन्तु बुढा हुने भयो छोराको बिहा भनेर मनमनै ढुक्क भए । मुखियाले भने हामी घरकेटा हेर्न समय मिलाएर आउँछौं । भयो तपाईले एउटी छोरीको हात पाउनुभयो जानोस् भने ।

*-इहिमालय टाइम्स डटकम*

## कविता : आश्चर्यको विन्दुबाट



ऋषि बस्ताकोटी

जीवनमा
अझै अघि बढ्नुपर्छ, बढ भन्नेहरू पनि थिए,
अझै माथि चढ्नुपर्छ, चढ भन्नेहरू पनि थिए
धेरैपटक धेरैका कुरा सुन्यो उसले

पटक-पटक धेरैका कुरा मान्यो उसले
यसबाट केही गति त पायो होला अवश्य
तर यसपटक
अलि बढी आफैंलाई सुन्यो/आफैंलाई मान्यो

र अठोटका साथ एउटा अजंगको उकालो उक्लियो।
यसपटक कसैले डोहोर्‍याएर भन्दा पनि
पहाडको उचाइले लोभ्याएर
ऊ एउटा अठोटमा पुग्यो

थकानहरूलाई थाती राखेर
पीडाहरूलाई पन्छाएर
चुनौतीहरू झेल्दै
पहरासँग पौंठेजोरी खेल्दै

कहिले दुई खुट्टा टेक्दै
कहिले चार खुट्टाले घिस्रिदै/लतारिँदै
एउटा चुनौतीको पहाड चढ्यो उसले।
चुचुराको चमकले तानेपछि

अर्जुन दृष्टिले मन बाँधेपछि
असम्भवहरू सम्भव हुने रहेछन्
ज्यानभित्र ऊर्जाको खोला सुसाउने रहेछ
खडेरीमा पनि अजस्र मूल रसाउने रहेछ।

ठट्टा होइन
चुनौतीको चाङ छिचोल्दै
पहाड चढ्नु भनेको
लहरामा समात्दै पहरामा टेकेर

अघि बढ्नु भनेको
देख्दै आङ सिरिङ्ग हुने
झुण्डिएका पहरा पार गर्दै
आश्चर्यको विन्दुमा पुगेपछि

उसलाई महसुस भयो-
धेरै उचाइ चढियो जिन्दगीमा
तर अझ उत्ति चढ्न बाँकी रहेछ
निकै अगाडि बढियो यात्रामा
तर अझै अगाडि बढ्न बाँकी रहेछ।
आश्चर्यको बिन्दुमा पुगेपछि
ऊ सानै छँदा
हजुरआमालाई तीर्थाटन गरी

फर्केका बाले भनेको सम्झ्यो -
हेर छोरा तीर्थ जाँदा लेक लागेर ढल्न पनि सकिन्छ
तर सारा अप्ठ्यारा छल्दै
कठोर तपस्यापछि धर्मगौंडो पार गरेपछि

बल्ल पुगिन्छ दूधपोखरी
र प्राप्त गरिन्छ मोक्ष !

यसपटक
झुण्डिएका पहरा पार गर्दै
रहस्यको विन्दुमा पुगेपछि
थाहा पायो उसले -

चुनौतीको पहाड चढ्नुको रोमाञ्चकता
अनि चुचुराको चमकभित्र लुकेको
जिन्दगीको सार्थकता ।**-अनलाइनखबर डटकम**

# पाल्पा सिविआरका बालबालिकालाई खाद्यान्न सहयोग



**कृष्ण पोखरेल**

**पाल्पा,** पौष ५/लायन्स क्लव अफ पाल्पा प्राइडले पाल्पा सिविआरमा रहेका बालबालिकाहरुलाई खाद्यान्न सहयोग गरेको छ । प्राइडले हंगर रिलिफ कार्यक्रम अर्न्तगत पाल्पा सिविआरमा रहेका बालबालिकाहरुलाई खाद्यान्नको रुपमा दाल, चामल, आलु तरकारी नुन तेल मसला तथा विभिन्न किसिमका ड्राई खाजाहरु प्रदान गरेको हो ।

खाद्यान्न सहयोग कार्यक्रममा बोल्दै लायन्स क्लव अफ पाल्पा प्राइडका डिष्ट्रिक ग्याट लिडर मिना पन्थीले संस्थाले मानव सेवा नै धर्म हो भन्ने भावनाका साथ विभिन्न किसिमका सहयोगहरु गर्दै आएको बताईन् । संस्थाकी एरिया चिफ शशी श्रेष्ठ र जोन चियर पर्सन सागरमान महर्जनले निरन्तर सहयोग आवश्यक पर्ने विभिन्न सामाजिक संघ संस्थाहरुका यस्ता किसिमको सहयोग लायन्स क्लव अफ पाल्पा प्राइडले गर्दै आएको बताए । खाद्यान्न सहयोग कार्यक्रममा संस्थाकी कोषाध्यक्ष पद्मा भट्टराई श्रेष्ठ, संस्थाकी प्रथम विपि कल्पना भट्टराई, द्बितिय विपि बविता विष्ट लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा सिविआर पाल्पाका प्रबन्धक कृष्ण गहतराजले संस्थाले लामो समयदेखी अपाङ्ग बालबालिकाको लागि डे केयर सञ्चालन गर्दै आएको बताए । डे केयरमा बालबालिकाको लागि फिजियो थेरापी, उनीहरुलाई पढ्दै खेल्दै सिक्दै कार्यक्रम सञ्चालन हुँदै आएको आएको छ । विद्यालयको रुपमा सञ्चालित डे केयरको सरकारी क्षेत्रबाट कुनै किसिमको सहयोग नहुँदा विभिन्न संघ संस्था व्यक्तिहरुको सहयोगमा सञ्चालन हुँदै आएको छ । डे केयर सेन्टरमा नियमित रुपमा पन्ध्रदेखी विस जना बालबालिका रहने गरेका छन् । पाल्पा प्राइडकी अध्यक्ष एन्जिना खनालको अध्यक्षता, प्रथम विपि कल्पना भट्टराईको स्वागत र संस्थाकी सदस्य सरस्वती शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# नेपाली सेनाद्वारा 'प्रेसर कुकर बम' निष्क्रिय



**भैरहवा (रुपन्देही),** पौष ५/ भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजमा फेला परेको प्रेसर कुकर बमलाई नेपाली सेनाले निष्क्रिय गरेको छ ।

मेडिकल कलेजको मालीले रुख काटिरहेको अवस्थामा शुक्रबार बिहान करिब १०:३० पुरानो प्रेसरकुकर बम फेला परेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए । 'बम पुरानो खिया लागेको अवस्थामा थियो, नेपाली सेनाले निष्क्रिय गरेको छ', कार्कीले भने, 'कसले र कहिले राख्यो यो विषयमा केही खुलेको छैन, अनुसन्धानको क्रममै रहेका छौं ।' प्रेसर कुकरको ह्याण्डललाई डोरीले बाँधेर त्यसमा घडी ब्याट्रीलगायतका उपकरण जडान गरिएको थियो । ब्यागमा राखेको अवस्थामा कुकर बम फेला परेपछि मेडिकल कलेजले जिल्ला प्रशासन कार्यालयलाई खबर गरेको थियो । बमलाई भैरहवास्थित कालीभक्ति गणको नेपाली सेनाले दिउँसो १ बजे निष्क्रिय गरेको थियो । **-रासस**

# 'प्रेप' विधि बारे...

...प्रवन्धक न्यौपानेले एक भन्दा बढी साथीसँग यौन सम्पर्क गर्ने व्यक्तिहरुको लागि आइआइभी सक्रमणबाट बचाउने प्रेप उपचार विधिको प्रचार-प्रसार बढेकोले सेवाग्राही बढ्दै गएको बताए । यो प्रेप उपचार एआरटी सेवा लिईरहेका व्यक्तिहरुले भने प्रयोग गर्न नमिल्ने उनको भनाई छ ।

एआरटी औषधी सेवन गर्ने चरणामा नपुगेका यौन साथी, यौनिक अल्पसंख्यक महिला तथा पुरुष, यौनकर्मी महिला तथा पुरुष, सुईबाट लागु पदार्थ सेवनकर्ता तथा यौन रोगीहरुलाई एचआइभी संक्रमणबाट बचाउनको लागि यो विधि प्रभावकारी रहेको उनले बताए । प्रवन्धक न्यौपानेले सरल प्रेप औषधी यौन सम्पर्क हुनु अगाडि २४ घण्टादेखि २ घण्टा समयसम्म २ वटा चक्की लिने र यौन सम्पर्क भएको २४ घण्टामा १ चक्की लिने र त्यसको २४ घण्टामा अर्को चक्की लिनुर्पे बताए । नियमित यौन सम्पर्क गर्ने व्यक्तिले प्रत्येक २४ घण्टामा एक/एक चक्की निरन्तर सेवन गर्नुपर्दछ । प्रेम उपचार सेवाबाट एचआइभी सक्रमितको संख्या शुन्यमा झार्ने लक्ष्यका साथ काम भएको संघका कोषाध्यक्ष माधव अर्यालले बताए । उनले प्रेप सेवा प्राप्त गर्न आवश्यक पर्ने सम्पूर्ण चेकजाँच तथा औषधीहरु पूर्णरुपमा निशुल्क रहेको जाकारी गराए । संघले प्रेप उपचारको लागि मेडिकल अधिकृत सहित १० जनाको जनशक्ति २४ सै घण्टा कार्यालयमा परिचालन गरेको छ भने बाहिरी क्षेत्रमा सेवाग्रहीको खोजी सम्पर्कको लागि केही स्वयमसेवकहरु परिचालन गरेको कोषाध्यक्ष अर्यालले बताए । प्रेप उपचारको लागि वेभ साईट मेरो साथी डट कम वा क्युआर कोडबाट अनलाईन बुकिङ्गको व्यवस्था समेत मिलाएको संघले जनाएको छ । प्रेप औषधी प्रयोगले प्राकृतिक रुपमा रहेको यौन शक्तिमा कुनै कमी नहुने तथा अन्य प्रकारको साईट इफेक्ट नगर्ने ग्यारेन्टी गरिएको छ । नेपाल सरकारले सन २०३० सम्म नेपाल बाट एचआइभी सक्रमण तथा एड्स जस्ता रोगहरु उन्मुलन गर्ने लक्ष्य लिएको छ । सरकारको सोहि लक्ष्य पुरा गर्न गराउन प्रेप उपचार विधी निकै प्रभावकारी देखिएको छ । दुई दिनसम्म चलेको कार्यक्रममा पत्रकार, स्वास्थ्यकर्मी, विभिन्न सामाजिक संघ संस्थामा आवद्ध व्यक्तिहरुको सहभागीता रहेको थियो । शुक्रबार भएको कार्यक्रम संघका कोषाध्यक्ष माधव अर्यालको अध्यक्षता, संघका विज्ञ सदस्य पुष्करराज रेग्मीको स्वागत, प्रजनन् विज्ञ सदस्य कमल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### बंगलादेश महिला एशिया कपको फाइनलमा



**काठमाडौं,** पौष ५/नेपाललाई हराउँदै बङ्गलादेश १९ वर्षमुनिको एशिया कप क्रिकेटको फाइनलमा पुगेको छ । शुक्रबार भएको 'सुपर-फोर' को खेलमा बङ्गलादेशले नेपाललाई ९ विकेटले हरायो ।

नेपालले दिएको ५५ रनको मध्यम लक्ष्य बङ्गलादेशले ९ ओभर ५ बलमा १ विकेट गुमाएर भेटायो । बङ्गलादेशकी फहोमिदा चोयाले नटआउट २६ रन बनाइन् । नेपालकी कुसुम गोदारले १ विकेट लिइन् । यसअघि मलेसियाको क्वालालम्पुरमा रहेको बायोमास ओभलमा टस हारेर ब्याटिङ गरेको नेपालले ११ ओभरमा ८ विकेट गुमाएर ५४ रन बनायो । नेपालकी सावित्री धामीले ११, कप्तान पूजा महतो ९, एलिशा यादवले ८ रन बनाए । नेपालका चार जना खेलाडी रन आउट भए । बङ्गलादेशकी फर्जना इम्सिन, अनिसा अख्तेर, फहोमिदा चोया र हबिबा इस्लामले १/१ विकेट लिए । वर्षाले खेल प्रभावित भएपछि खेल ११ ओभरमा झारिएको थियो । बङ्गलादेश 'सुपर-फोर' मा दोस्रो स्थानमा रहेर फाइनलमा पुगेको हो । अब बङ्गलादेशले उपाधिका लागि फाइनलमा भारतसँग खेल्नेछ । शुक्रबार बिहान भएको 'सुपर-फोर' को खेलमा श्रीलङ्कालाई हराउँदै भारत शीर्ष स्थानमा रहेर फाइनलमा पुगेको हो । फाइनल खेल आइतबार हुनेछ ।


वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

### 'आईएमई पे' बाट ट्राभल बुकिङ गर्दा १०० प्रतिशत क्यासब्याक




**काठमाडौं,** पौष ५/'आईएमई पे' ट्राभल बुकिङमा १०० प्रतिशत क्यासब्याक अफर सार्वजनिक गरेको छ । क्रिसमस र नयाँ वर्ष २०२५ को अवसरमा ट्राभल बुकिङ गर्दा १०० प्रतिशत क्यासब्याक उपलब्ध गराउने कम्पनीले जनाएको छ । पुस ५ देखि पुस १७ सम्म चल्ने अफर अन्तर्गत सेवाग्राहीले आईएमई पेमार्फत आन्तरिक हवाई टिकट, बस टिकट र केबलकार टिकट खरिदमा दैनिक १०० प्रतिशत क्यासब्याक जित्ने मौका पाउने कम्पनीको भनाइ छ । अफर अवधिभरि हरेक दिन आईएमई पेबाट आन्तरिक हवाई टिकट काट्ने १ जना, बस टिकट काट्ने ३ जना र केबलकार टिकट काट्ने १० जना भाग्यशाली सेवाग्राहीले खरिद गरिएको टिकट मूल्यको १०० प्रतिशत क्यासब्याक जित्ने मौका रहेको कम्पनीले जनाएको छ । विजेताहरू दैनिक लक्की ड्र मार्फत छानिनेछन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई